एकाइ ३ · नागरिक चेतना, कर्तव्य र अधिकार

कार्यपत्र

पूर्णाङ्क २९

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / २९

१ मुख्य शब्द [३]

कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

अधिकार	कर्तव्य	कानुन	नागरिक	प्रजा	मतदाता	लोकतन्त्र	सामाजिक नियम

राज्यबाट निश्चित अधिकार पाएको र राज्यप्रति कर्तव्य भएको व्यक्तिलाई _____ भनिन्छ। कानुनअनुसार निर्वाचनमा मत दिन योग्य नागरिकलाई _____ भनिन्छ। व्यक्तिको विकासका लागि राज्यले दिएको विशेष सुविधालाई _____ भनिन्छ। आफूले गर्नैपर्ने काम र जिम्मेवारीलाई _____ भनिन्छ। जनताको चाहनाअनुसार चल्ने शासनलाई _____ भनिन्छ। समाजलाई व्यवस्थित बनाउन परम्परादेखि मानिँदै आएका व्यवहार र चलनलाई _____ भनिन्छ।

२ चित्रको नामाङ्कन [३]

चित्रमा नेपालका सडकमा देखिने केही ट्राफिक सङ्केत छन्। १ देखि ६ सम्मका अङ्कले जनाएका सङ्केतको नाम लेख्नुहोस्। यी नाम प्रयोग गर्नुहोस्: हर्न निषेध, साँघुरो पुल, प्रवेश निषेध, साइकल, पहिरो जोखिम क्षेत्र, पार्किङ निषेध। प्रत्येकको ०.५ अङ्क छ।



१. _____ २. _____

३. _____ ४. _____

५. _____ ६. _____

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. नेपालमा १८ वर्ष पूरा भएका नागरिक मतदाता हुन सक्छन्। ☐

ii. सबै नागरिक मतदाता हुन्। ☐

iii. पहेँलो बत्ती बलेपछि गति बढाएर चोक पार गर्नुपर्छ। ☐

iv. १८ वर्ष नपुगेका सबै बालबालिका हुन्। ☐

४ अति छोटो उत्तर [९]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. नेपालको संविधानको कुन धारामा नागरिकका कर्तव्य तोकिएका छन्? [१]

ख. "नैतिक कर्तव्य" लाई कसरी परिभाषित गर्नुहुन्छ? [१]

ग. बालअधिकारको परिचय दिनुहोस्। [१]

घ. ट्राफिक नियम भनेको के हो? [१]

ङ. नेपालमा १२ वर्षदेखि बस्दै आएका एक भारतीय व्यापारी र १४ वर्षकी नेपाली छात्रा सीतामध्ये को नेपाली नागरिक हुन्? [१]

च. नेपालको संविधानमा कतिओटा मौलिक हक छन्? [१]

छ. कक्षा कप्तान छान्दा २५ जनाले सुमनलाई र १५ जनाले रीतालाई मत दिए। लोकतान्त्रिक मूल्यअनुसार कप्तान को बन्नुपर्छ? [१]

ज. सुमनको जन्मदर्ता भएको छैन। उमेरको प्रमाण नहुँदा उसलाई पर्न सक्ने कुनै एक खतरा लेख्नुहोस्। **[१]**

झ. चाडपर्वमा आफन्तकहाँ गएर ठुलाबाट आशीर्वाद लिने चलन कानुन हो कि सामाजिक नियम? **[१]**

५ छोटो उत्तर **[६]**

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. नागरिक र मतदाताबिचका कुनै दुई भिन्नता लेख्नुहोस्। **[२]**

ख. देशको कानुन र सामाजिक नियमबिचका कुनै दुई भिन्नता लेख्नुहोस्। **[२]**

ग. पारिवारिक सुरक्षाका कुनै दुई उपाय उल्लेख गर्नुहोस्। **[२]**

६ लामो उत्तर **[४]**

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

लोकतान्त्रिक मूल्य र मान्यताका कुनै चार विशेषता प्रस्तुत गर्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-6-social/civic-awareness-duties-and-rights

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

कुनै चलन धेरै पुरानो छ भन्दैमा त्यो असल सामाजिक नियम हुन्छ?

८ क्रियाकलाप: कुन नम्बरमा फोन गर्ने? (अङ्क नदिइने)

कुन अवस्थामा कहाँ र कुन नम्बरमा फोन गर्ने, सोधखोज गरी तालिका भर्नुहोस्। पहिलो पङ्क्ति उदाहरणका लागि भरिएको छ।

घटना	निकाय	फोन नम्बर
समुदायमा चोरी हुँदा	नेपाल प्रहरी	१००
सडक दुर्घटना हुँदा	ट्राफिक प्रहरी	
आगलागी हुँदा	दमकल कार्यालय	
बिरामी हुँदा	एम्बुलेन्स	
बालबालिका सङ्कटमा पर्दा		
अन्य		